# गेरुवा गाउँपालिका
# २०७४

## नवौं कार्यपालिका बैठक
### ७ कार्तिक, २०७४

गाउँपालिका : गेरुवा गाउँ कार्यपालिका कार्यालय
स्थान : पशुपतिनगर,बर्दिया
प्रदेश : ५ नं. प्रदेश, नेपाल

**आज मिति २०७४ साल कात्तिक ७ गतेका दिन गेरुवा गाउँ पालिकाका अध्यक्ष श्री जमान सिंह के.सी.ज्यूको अध्यक्षतामा कार्य पालिकाको नियमित बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी
श्री तुल्सीराम श्रेष्ठ
श्री चित्र प्रसाद उपाध्याय
श्री प्रेमबहादुर जि.सी.
श्री कुन्नारायण चौधरी
श्री भूमिराज घिमिरे
श्री भागीराम चौधरी

**प्रस्तावहरु**

| | |
|---|---|
| **१** | **सार्वजनिक खरिद योजना/ बार्षिक कार्यक्रम कायर्मन्वयन कार्यविधि स्वीकृत सम्बन्धमा** |
| **२** | **समितिहरुलाई पूर्णता दिने र कार्यविधि नियमावली स्वीकृत गर्ने सम्बन्धमा** |
| **३** | **वडा कार्यालयहरु र गाउँ कार्यपालिका कार्यालयमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धमा** |
| **४** | **शिक्षामा स्तरोन्नती कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्य योजना निर्माण तथा स्वीकृत गर्ने सम्बन्धमा** |
| **५** | **ग्रामिण बिद्युतिकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्य योजना निर्माण तथा स्वीकृत गर्ने सम्बन्धमा** |
| **६** | **IEE गराउने र बिद्युतीय तारवार कार्यक्रम कार्यान्वयन कार्ययोजना वनाई कार्यक्रम सञ्चालन गरि दिन बर्दिया राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने सम्बन्धमा** |
| **७** | **अनुगमन तथा मुल्याङका समिति गठन गर्ने सम्बन्धमा** |
| **८** | **बिबिध** |

**प्रस्ताव नं.१ सार्वजनिक खरिद योजना/ बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा वडानं. १ देखी वडानं. ६ सम्मका छ वटै वडाहरुमा सञ्चालन हुने कार्यक्रम/योजनाहरुको कार्यान्वयन गर्नका लागि सम्बन्धित वडाहरुबाट प्रस्ताव तयार गरी पेश गरिएका सार्वजकि खरिद योजना/ बार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजना र वडा कार्यालयहरु, गाउँपालिका कार्यालय तथा बिषयगत शाखाहरुबाट तयार पारी पेश गरिएका कार्यालय सञ्चालन एवं विकाश तर्फको बार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजना/सार्वजनिक खरिद योजना स्वीकृत गर्ने र सोही स्वीकृत योजना वमोजिम कार्य सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ समितिहरुलाई पूर्णता दिने र कार्यविधि नियमावली निर्माण तथा स्वीकृत गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाको मिति २०७४/५/७ को सातौं बोर्ड बैठकको निर्णयबाट गठीत समितिहरुले कार्य सञ्चालन गर्नका लागि कार्यविधि नियमावलीहरु स्वीकृत गर्ने र गठीत समितिको संयोजक र सदस्यहरु तोक्ने/मनोनयन गर्ने र कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ वडा कार्यालयहरु र गाउँ कार्यपालिका कार्यालयमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा**

प्रस्ताव नं.३ माथी छलफल गर्दा नेपाल सरकारबाट निर्देशित स्थानीय तह सञ्चालन सम्बन्धि नियम/निर्देशन र यस गाउँपालिकाको गाउँ सभाबाट पारीत कर्मचारी संगठन संरचना अनुसार कर्मचारी व्यवस्था  नभई कार्य सञ्चालनमा समस्या परेकोले अविलम्व पदपूर्तिको व्यवस्था हुन नेपाल सरकार समक्ष अनुरोध गर्ने र हाललाई सावीक गा.वि.स.हरुमा कामकाज गरि रहेका र हाल सम्म पनि अभिछिन्न कार्यरत रहेका कर्मचारीहरुलाई देहाय वमोजिम व्यवस्थापन गर्ने निर्ण गरियो ।

**तपशिल :**

**(क) स्थानीय निकायका स्थायी कर्मचारीहरु**

| सि.नं. | कर्मचारीको नाम | कार्यालय | स्वीकृत पद | कर्मचारी विवरण | | नियुक्ति मिति | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सावीक पद | कायम हुने पद | | | |
| १ | भूमिराज उपाध्याय | ५ नं.वडा कार्यालय | खरिदार | अ.सव-ई. | खरिदार/ अ.सव-ई. | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | भागीराम थारु | २ नं.वडा कार्यालय | खरिदार | खरिदार | खरिदार | | | |
| ३ | शहवीर थारु | २ नं.वडा कार्यालय | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | | सा.ले.प. | |
| ४ | छुनुकराम थारु | २ नं.वडा कार्यालय | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | | सा.ले.प. | |
| ५ | मनिराम थारु | २ नं.वडा कार्यालय | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | | सा.ले.प. | |

**(ख) अस्थायी/करार/ज्यालादारी कर्मचारीहरु**

| सि.नं. | कर्मचारीको नाम | कार्यालय | स्वीकृत पद | कर्मचारी विवरण | | नियुक्ति मिति | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सावीक पद | कायम हुने पद | | | |
| १ | जितेन्द्र चौधरी | ४ नं.वडा कार्यालय | स.कम्प्युटर अपरेटर | स.कम्प्युटर अपरेटर | स.कम्प्युटर अपरेटर | | | करार |
| २ | युगराज भुसाल | ६ नं.वडा कार्यालय | स.कम्प्युटर अपरेटर | स.कम्प्युटर अपरेटर | स.कम्प्युटर अपरेटर | | | करार |
| ३ | बाबुराम चौधरी | ४ नं.वडा कार्यालय | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | | | करार |

**(ग) करार/ज्यालादारी कर्मचारीहरु**

| सि.नं. | कर्मचारीको नाम | कार्यालय | स्वीकृत पद | कर्मचारी विवरण | | नियुक्ति मिति | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सावीक पद | कायम हुने पद | | | |
| १ | बसुन्धरा थारु | गेरुवा गाउपालिका | कम्प्युटर अपरेटर | कम्प्युटर अपरेटर | कम्प्युटर अपरेटर | २०७४/३/२८ | | |
| २ | गणेश सापकोटा | ,, | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | २०७४/२/१ | | |
| ३ | हरिराम थारु | ,, | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | २०७४/३/२५ | | |
| ४ | सुरेन थारु | १ नं. वडा कार्यालय | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | २०७४/३/२५ | | |
| ५ | लाईकराम थारु | ३ नं. वडा कार्यालय | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | २०७४/३/२५ | | |

**(घ) स्वयंसेवक/सहयोगफ्हरु**

| सि. नं. | कर्मचारीको नाम | कार्यालय | स्वीकृत पद | कर्मचारी विवरण | | नियुक्ति मिति | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सावीक पद | कायम हुने पद | | | |
| १ | ठग्गु थारु | ५ नं. वडा कार्यालय | - | - | - | - | | |
| २ | पार्वती थारु | ६ नं. वडा कार्यालय | - | - | - | - | - | - |

(ङ) उपरोक्त विवरण अनुसार कार्यरत कर्मचारीहरुलाई स्वीकृत दरवन्दी भित्र मिलान गरी कामकाज लगाउने गरी कार्यालय सहयोगी पदमा काम गर्ने कर्मचारीहरुको हकमा हाल सम्म गरेको कामकाज र भूक्तानी भएको सेवा सुविधा रकम समेतलाई नियमित गर्न स्वीकृति दिने र २०७४ साल श्रावण देखी

२०७५ आषाढ मसान्त सम्म कायम हुने गरी स्वीकृत दरवन्दी र विनियोजित बजेटको परिधिमा रहि सेवा करार सम्झौता गरी कामकाज लगाउन गेरुवा गाउँ कार्यपालिका/कार्यकारी अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

(च) **थारु हेल्पडेस्क** सञ्चालन गर्ने सहजकर्ता र स्वयंसेवक छनौट गर्नका लागि देहाय वमोजिमका समितिहरु गठन गर्ने, सो समितिले लोक सेवा आयोगबाट अवलम्बन गर्ने प्रकृया अवलम्बन गरी योग्यता, अवधि र प्राथमिकता उल्लेख गरी पदपर्ति सूचना प्रकाशित गर्ने, प्राप्त निवेदनहरु माथी छानवीन प्राथमिकिरण गरी मुल्याङकन तथा प्राथमिकिकरण समितिले पदपूर्ति समिति समक्ष पेश गर्ने र सो नामावली अनुसारका उम्मेदवारहरुबाट प्रतिस्पर्दा/अन्तर्वाता प्रकृयाद्वारा पदपूर्ति गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**पदपूर्ति समिति**

| | | |
|---|---|---|
| श्री जमानसिंह के.सी. | अध्यक्ष | संयोजक |
| श्री भीम बहादुर खत्री | कार्यकारी अधिकृत | सदस्य |
| श्री चित्र प्रसाद उपाध्याय | सव- ईन्जिनियर/प्राविधिक | सदस्य |
| श्री तुल्सीराम श्रेष्ठ | लेखापाल | सदस्य |

**मुल्याङकन तथा प्राथमिकिकरण समिति**

| | | |
|---|---|---|
| श्री हिमा कुमारी थरुनी | उपाध्यक्ष | संयोजकत्व |
| | सम्बन्धित वडाध्यक्ष, | सदस्य |
| | प्राविधिक, | ,, |
| | प्रशासन/लेखा प्रमुख | ,, |
| | सम्बन्धित वडा सचिव | ,, |

**निर्णय नं.४ शिक्षामा स्तरोन्नती कार्यक्रम बार्षिक खरिद योजना निर्माण तथा स्वीकृत गर्ने सम्बन्धमा :**

प्रस्ताव नं.४ माथी छलफल गर्दा यस गेरुवा गाउँपालिका अन्तर्गत रहेका २७ वटा बिद्यालयहरुबाट गेरुवा गाउँपालिकाासी बिद्यार्थीहरुलाई प्रदान हुने शिक्षाको स्तरोन्नति गर्नका लागि गेरुवा गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेको रकमलाई विनियोजन गरी कार्यान्वयन गर्नका लागि कार्यक्रम कार्यान्वयन कार्ययोजना/बार्षिक खरिद योजना निर्माण गरी पेश गर्न शिक्षा संयोजक श्री दिल बहादुर जि.सी.को संयोजकत्वमा सव-ईन्जिनियर, लेखापाल समेत रहेको समितिलाई तोक्ने र गाउँपालिका अध्यक्षबाट स्वीकृत गराई कार्यान्वयन गर्ने निर्णय गरियो :

**निर्णय नं.५ ग्रामिण बिद्युतिकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्य योजना निर्माण तथा स्वीकृत गर्ने सम्बन्धमा**

प्रस्ताव नं.५ माथी छलफल गर्दा यस गाउँ पालिका अन्तर्गत सवै वडाहरुका सवै गाउँ/टोललाई यसै आर्थिक बर्ष भित्र उज्यालो गराउने महत्वाकांक्षी योजना सम्पन्न गर्नका लागि कुन कुन स्थानमा के कसरी कार्य सम्पादन गर्न सकिन्छ भन्ने सम्बन्धमा स्थलगत रुपमा खटिई बिद्युतीय सुविधाबाट वञ्जितहरुको डाटा संकलन गरी प्रारम्भिक ईष्टिमेट तयार गरी पेश गर्न देहाय वमोजिमको समिति

गठन गर्ने र सो समितले एक हप्ता भित्र साथै सोही आधारमा खरिद योजना/कार्यबिधि निर्माण गरी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

१ सम्बन्धित वडाका वडाध्यक्ष,
२ गेरुवा गाउँपालिकाको योजना अधिकृत/प्राविधिक/ईन्जिनियर,
३ वडा सचिव र
४ सम्बन्धित क्लष्टर सदस्य

**६ IEE गराउने र बिद्युतीय तारवार कार्यक्रम कार्यान्वयन कार्ययोजना वनाई कार्यक्रम सञ्चालन गरि दिन बर्दिया राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने सम्बन्धमा**

गेरुवा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत कार्यक्रम अन्तर्गत विकाश निर्माणमा प्रयोग गरिने ढुंगा, गिट्टि, बालुवा लगायतका निर्माण सामाग्रि तथा वनपैदावारहरु उत्खनन्, ढुवानी र प्रयोग गर्ने कार्यलाई नियमन गर्नका लागि IEE गराउने र बिद्युतीय तारवार कार्यक्रम कार्यान्वयन कार्ययोजना वनाई दिन र सो वमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**७ अनुगमन तथा मुल्याङ्का समिति गठन सम्बन्धमा**

प्रस्ताव नं.६ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित योजनाहरुको नियमित अनुगमन र मूल्याङकन गर्नका लागि यस गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी.को अध्यक्षतामा मूल अनुगमन तथा मूल्याङकन समिति गठन गर्ने र सो समितिले आबश्यकतानुसार अन्य पदाधिकारीहरु संलग्न अनुगमन तथा मुल्याङकन उप-समिति गठन गरी अनुगमन गराउन सक्ने र कार्यक्रम कार्यान्वयन कार्ययोजना/बार्षिक खरिद योजना निर्माण समितिलाई प्रारम्भिक अनुगमन समितिको रुपमा परिचालन गर्ने निर्णय गरियो ।

**मूल अनुगमन समिति**

**१ अध्यक्ष श्री जमानसिंह के.सी.**
**२ उपाध्यक्ष श्री हिमा कुमारी थरुनी**
**३ कार्यकारी अधिकृत**
**४ ईन्जिनियर**
**५ लेखापाल**

**८ विविध**

**निर्णय नं.८** माथी छलफल गर्दा विविध सम्बन्धमा सवै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने तयारीका साथ आगामी दशौं बोर्ड बैठक मिति २०७४ साल मंशिर ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।